## ७ (ख)

*[संवत् २०५४ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री अम्बर गुरुङलाई समर्पण गर्न संवत् २०५५ साल माघ ८ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १५८ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, संवत् २०५५ साल आश्विन ३१ गतेका दिन आयोजित समारोहमा श्री गुरुङ अनुपस्थित हुनुभएको कारण पुनः यो समारोहको आयोजना गरिएको थियो।]*

अध्यक्ष महोदय, उपस्थित महिला तथा सज्जनवृन्द !

अब आयो मेरो पालो- धन्यवादको। सबभन्दा पहिले त आजका 'बेहुला' श्री अम्बर गुरुङलाई नै औंल्याऊ । विगत चालीस वर्षभन्दा बढी सङ्गीतको अथक एवं अपरिमेय कलासाधानामा निरवच्छिन्न रूपले लगनशील रही उहाँले आफ्नो कलात्मक तपस्यामा मात्र फलीभूत हुनुभएन कि सङ्गीतको माध्यमद्वारा नेपाली वाङ्मयको श्रीवृद्धि गराउन पनि जो उत्कृष्ट योगदान गर्नुभयो त्यो अविस्मरणीय छ। हुन त उहाँले सङ्गीतलाई पेसाको रूपमा नलिई हबी (चाख)को रूपमा सुरु गर्नुभयो तापनि त्यही विद्या पछि पेसामै परिणत भयो। एक हिसाबले हेर्दा 'हबी'मा त यति उत्कृष्टता लाभ भएछ भने साँच्चै व्यवसाय बनाउने हेतुले सुरु गर्नुभएको भए कस्तो हुँदो हो, भन्ने पनि अनुमान गर्न सकिन्छ। नेपाली कला, नेपाली संस्कृति र नेपाली भाषाको परम्परा नखल्बल्याई आधुनिक पारा चढाउने गुरुङजी हामी सबैको बधाईका पात्र हुनुहुन्छ। यस्ता ख्यातनामा व्यक्तिले पुरस्कार 'जगदम्बा-श्री' स्वीकार गरेर लाउनुभएको गुनका लागि म उहाँलाई मदन पुरस्कार गुठीका तर्फबाट हार्दिक धन्यवाद टक्र्याउँछु।

अध्यक्षज्यूले यसअघि भनेझैं यो समारोह केही विलम्ब गरेर यस्तै छोटकरी तवरले टुङ्ग्याउनु पर्‍यो। एक हिसाबले त फेरि भेट हुन पायो, अर्को हिसाबले भने उहाँलाई दसैंमा नै जमरा टक्र्याउन पाइएन भन्ने लाग्यो। जे भए पनि हाम्रो न्यानो

निम्तालाई स्वीकार गरी जाडो दिनमा पनि यहाँहरू जो पाल्नुभयो त्यसका लागि सबैलाई सविनय धन्यवाद चढाउँछु ।

'कुकुरको पनि दिन आउँछ' भन्ने हाम्रो पुरानो उखान छ। भेडाच्याङ्ग्रा बटुली 'दर वम्यो' भन्दै कराउने- सबैको साझा अतःएव प्रायः अवहेलित ठाउँमा अहिले सरस्वतीसदन खडा भएझैं मरुमा घोडाको वासस्थान दुर्गन्धी तवेलामा- अर्थात् यो बग्गीखानामा आज हामी सरस्वतीको मन्दिरमा जसरी भेला भएका छौं । यसको कायापलट भएको छ । यो ठाउँ उपलब्ध गराइदिने जगदम्बा प्रेसका मालिकलाई धेरै धन्यवाद छ ।

त्यसै गरी यो समारोह सफल पार्न क्रियाशील सहयोग गर्नुहुने जगदम्बा प्रेसका व्यवस्थापक र उहाँका सहयोगीहरू, मदन पुरस्कार गुठीका कार्यालय-सचिव र उहाँका सहयोगीहरू, सूक्ष्मतवरले भए पनि मुख मीठो गर्न चखिलो व्यवस्था जुटाउने गृहलक्ष्मीहरू र अन्य सम्बन्धित सबै कर्मचारीलाई पनि धन्यवाद छ ।

अन्त्यमा हाम्रो आफ्नै चलनअनुसार, यो सभा-समारोहको निपुणताका साथ सञ्चालन गर्नुभएकोमा अध्यक्षज्यूलाई पनि धन्यवाद टक्र्याउँदै उहाँकै आज्ञाले, अब यो सभा यही विसर्जन भएको जनाउँदछु । अब लागौं चमेनातिर ।

☒ ☒ ☒